नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. २०७९।०८०
च.नं./pmep/ ४६६

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मितिः २०८०/०२/२२

श्री गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालय सबै ।

कर्णाली प्रदेश ।

**विषयः कार्यक्रम कार्यान्वयन गर्दा निर्देशिका र कार्यविधीको पुर्ण कार्यान्वयन गर्ने सम्बन्धमा**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रमको चालु आर्थिक वर्ष २०७९/८० सञ्चालनार्थ तपशिल बमोजिमका क्षेत्रहरुमा कैफियत रहेको भनी गुनासो (उजुरी) परेको उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७९/१२/२८ को प. सं. ४ स्थानीय २२७६२।०७९।८० च.नं. ४८०४८ को पत्र मार्फत आवश्यक कार्यार्थ प्राप्त पत्र तथा राष्ट्रिय सतर्कता केन्द्रको मिति २०८०/०१/१० को प.सं.२०७९/८० च.नं. १४०६०१०३०५, पत्र र सो साथ संलग्न उजुरीका सम्बन्धमा निर्णयार्थ पेश हुँदा कार्यक्रमको बजेट सशर्त अनुदानका रुपमा स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने, खर्च गर्ने एवं लेखा परिक्षण गराउने जिम्मा स्थानीय तहको हुने र मन्त्रालयको भूमिका नीति निर्देशन दिने, कार्यक्रमको अनुगमन गर्ने भएकोमा संलग्न उजुरीमा खास स्थानीय तहको नाम उल्लेख भै नआएकोले कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहहरुलाई तपसिल बमोजिमको निर्देशन प्रेषित हुन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रलाई बोधार्थ समेत हुन मिति २०८०/०२/२२ को नेपाल सरकार(सचिवस्तरिय )को निर्णयानुसार अनुरोध छ :

<u>तपशिल</u>

**१.लक्षित समूह:**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,(२०७५ को परिच्छेद-१ दफा ८) मा उल्लेखित लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहका सूचीकृत बेरोजगार ब्यक्तिलाई कार्यक्रमले समेट्ने ।युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको हकमा आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को परिच्छेद-२, दफा ६मा उल्लिखित उमेर तथा लैङ्गिक समूहलाई यस कार्यक्रमले समेट्ने।

**२ आयोजनाको छनौट:**

निर्देशिका, २०७५ को परिच्छद ११ अन्तर्गत दफा ७०, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को परिच्छेद २ अन्तर्गत दफा ३ र परिच्छेद ३ अन्तर्गत दफा ४ वमोजिमका आयोजनाहरुका तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने। युवारुप आयोजना अन्तर्गत सञ्चालन गरिने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिकआयोजनाहरुको हकमा युवारुप आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को परिच्छेद ४, दफा २३ मा उल्लेखित आयोजनाहरु कार्यान्वयन गर्ने गराउने।

सिहंदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. २०७९।०८०
च.नं./pmep/ ९९९

३. लाभग्राहीलाई रोजगारीमा खटाउने: यस कार्यक्रमको निर्देशिका , २०७५ को परिच्छेद ४ बमोजिम सूचीकृत बेरोजगारलाई परिच्छेद-५ अन्तर्गत दफा २१ को प्रावधान बमोजिम र कार्यविधि, २०७७ को परिच्छेद ३ बमोजिमका प्रावधान बमोजिम रोजगारीमा खटाउने।
युवारुप आयोजना अन्तर्गत युवारुप सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को परिच्छेद ४ अन्तर्गतको दफा १८ का प्रावधानहरु बमोजिम रोजगारीमा खटाउने।

४. कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयन:
यस कार्यक्रमको निर्देशिका, २०७५ को परिच्छेद ६ अन्तर्गत दफा २५ र २६ का प्रावधान बमोजिम र कार्यविधि, २०७७ को परिच्छेद ४ अन्तर्गतका प्रावधानहरु बमोजिम आयोजना कार्यान्वयन गर्ने गराउने। युवारुप आयोजना अन्तर्गत आयोजनाको कार्यविधि २०७९ को परिच्छेद ४का प्रावधानहरु बमोजिम गर्ने गराउने।

५. कामको सुपरिवेक्षण, अनुगमन तथा प्रतिवेदन:
यस कार्यक्रमको निर्देशिका, २०७५ को परिच्छेद ६ अन्तर्गत दफा २९ देखि ३२ सम्मका प्रावधान र परिच्छेद ११ को दफा ७३ बमोजिम र कार्यविधि, २०७७ को परिच्छेद ४ अन्तर्गत दफा १६ बमोजिमका प्रावधानहरु बमोजिम गर्ने गराउने।

६. श्रमिकको ज्याला भुक्तानी:
यस कार्यक्रमको निर्देशिका २०७५ को परिच्छेद ६ अन्तर्गत दफा २८ र कार्यविधि, २०७७ को परिच्छेद ५ अन्तर्गत दफा १८ बमोजिमका प्रावधानहरु बमोजिम ज्याला भुक्तानी गर्ने गराउने। युवारुप आयोजना अन्तर्गत कार्यविधि २०७९ को परिच्छेद ४ अन्तर्गत दफा २८ र २९ का प्रावधानहरु बमोजिम भुक्तानी गर्ने गराउने।

७. खर्च व्यवस्थापन तथा पारदर्शिता:
यस कार्यक्रमको निर्देशिका, २०७५ को परिच्छेद १३ र १४ बमोजिमका प्रावधानहरु र कार्यविधि २०७७ को परिच्छेद ५ र ६ बमोजिमका प्रावधानहरुको पालना गर्ने गराउने।

(जीवन कुमार घिमिरे)
शाखा अधिकृत